
के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २५ गते सोमबार ❑ 10 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मिटरब्याज पीडितलाई न्याय दिलाइ छाड्छौँ : उपप्रधानमन्त्री श्रेष्ठ

**रासस**
काठमाडौं, २४ असार

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याजबाट पीडितलाई सरकारले न्याय दिलाएरै छाड्ने बताउनुभएको छ।

नयाँ बानेश्वरमा आज मिटरब्याजबाट पीडितहरुको धर्नास्थल पुगेर सम्बोधन गर्दै उहाँले पीडितलाई न्याय दिलाउने विश्वास दिलाउनुभयो । "तपाईंहरुलाई म आश्वास्त बनाउन चाहन्छु की मिटरब्याजबाट पीडितलाई न्याय प्रदान गरी छाड्छौँ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "मिटरब्याजबाट पीडितलाई न्याय दिलाउने काम कुनै पनि हालतमा रोकिने छैन।"

उहाँले पीडकहरुको विरुद्ध पीडितलाई न्याय दिनका निम्ति सरकारले मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको र अध्यादेशको निश्चित अवधि भएको हुनाले कानुन बनाउनका लागि संसद्मा प्रस्तुत भएको तर पारित हुन



नसकेको भन्दै विधेयक चाडै अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "विधेयक संसद्मा छ, अस्वीकार भएको हैन । विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाइनेछ, कानुन बनाइनेछ । तपाईंहरुको न्याय प्राप्तिको आन्दोलनलाई कुनै पनि हालतमा पूरा नगरिकन छोडिनै छैन, ढुक्क हुनुहोस् ।" उपप्रधानमन्त्री श्रेष्ठले अध्यादेश जारी गर्नुभन्दा अगाडि नै सरकारले मिटरब्याजी पीडितको माग सम्बोधन गर्न मिटब्याजसम्बन्धी छानबिन गर्न आयोग गठन गरेको स्मरण गर्दै आयोगको काम नरोकिने बताउनुभयो । उहाँले हरेक जिल्ला प्रशासन कार्यालयमा सरकारी वकिलहरु र पीडितका प्रतिनिधिहरु संलग्न रहेको सहजीकरण समितिले अहिले पनि कार्य जारी रहेको जानकारी दिनुभयो। "विधेयक प्रस्तुत भएको छ, त्यसले अध्यादेश अन्त्य हुने दिनमा नै कानुनको रुप लिएको भए राम्रो हुन्थ्यो भन्ने हाम्रो भनाइ हो । तर, त्यसो नभए पनि हामीले कानुन बनाउने प्रक्रियालाई जारी राख्नेछौँ र संसद्ले कानुन बनाउनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ, तपाईंहरु पनि विश्वस्त हुनुहोस्", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार आयोगमा करिब २५ हजार उजुरी परेका छन्। ती उजुरीमाथि छानबिनको प्रक्रिया अघि बढेको छ । अहिले करिब एक हजार पाँच सय उजुरीमाथि छानबिन भएर पीडितको पक्षमा फैसला भइसकेको छ । कतिपय मिटर ब्याजीले कब्जा गरेको घर, जमिन पीडितलाई फिर्ता गरिसकेका छन्। यो उपलब्धिलाई अब नेपालको कुनै पनि तागतले रोक्न नसक्ने भन्दै उपप्रधानमन्त्री श्रेष्ठले पीडितलाई न्याय दिलाएरै छाडिने दोहोर्‍याउनुभो । मिटरब्याजी सामन्ती शोषणको निकृष्ट अवसेस हो भन्दै उहाँले यसलाई जरैदेखि निमिट्यान्न पार्न सरकार प्रयासरत रहेको उल्लेख गर्नुभयो।

## पदयात्रा पर्यटनसँग जोडिदै कफुचे हिमताल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

कास्कीको मादी गाउँपालिका-१ मा पर्ने कफुचे हिमताललाई पदयात्रा पर्यटनसँग जोड्ने गरी पहल बढाइएको छ । पछिल्ला समयमा यस क्षेत्रमा बढ्दै गएको पर्यटकको आकर्षणसँगै स्थानीय तहदेखि प्रदेश र सङ्घ तीनवटै सरकारको प्राथमिकतामा यहाँको पदमार्गले स्थान पाउन थालेको हो।

आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै गएको यो ताललाई नेपालको सबैभन्दा कम उचाइमा रहेको हिमतालका रुपमा समेत लिने गरिएको छ। समुद्री सतहबाट दुई हजार चार सय ५० मिटर उचाइमा रहेको यो ताल पछिल्ला समयमा पर्यटकको रोजाइमा पर्न थालेसँगै स्थानीय तहले पनि यसको प्रवर्द्धन र विकासलाई प्राथमिकतामा राखेको मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङग गुरुङले बताउनुभयो।

"कफुचे हिमताल मादी गाउँपालिकाको मात्र नभइ दशेकै गौरव हो, यसको प्रवर्द्धन र विकास गरेर आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने हाम्रो लक्ष्य छ", उहाँले भन्नुभयो । पर्यटकीय नगरी पोखराबाट नजिकै रहेको कला संस्कृतिले भरिपूर्ण नेपालकै ठूलो गुरुङ गाउँ सिक्लेसबाट एकदिनको पदयात्रामा यसस्थानमा पुग्न सकिन्छ । यहाँको विकास तीनवटै सरकारको प्राथमिकतामा रहेको बताउँदै उहाँले सङ्घबाट पोखरा सिक्लेस, ताङतिङ हुँदै मनाङ जोड्ने पदमार्गलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा



अघि बढाउने तयारी गरेको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारले मादी गाउँपालिका-७ को थाकबाट ताराहिल टप हुँदै कफुचेसम्मको पदमार्गका लागि रु २५ लाख विनियोजन गरेको उहाँले बताउनुभयो । त्यस्तै प्रदेशबाटै सिक्लेस कफुचे पदमार्गका लागि रु ाँच लाख विनियोजन गरिएको छ । गाउँपालिकाले अघिल्लो वर्षदेखि नै सिक्लेसबाट कफुचेसम्मका लागि ५० प्रतिशत अनुदानमा घोडा खरिद गर्ने गरी कार्यक्रम अघि सारेको थियो । यसको कार्यविधि पनि तयार भइसकेको र आगामी आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिने उहाँले बताउनुभयो।

अन्नपूर्ण दोस्रो र चौंथो हिमालको बीचबाट आएको हिमपहिरो पग्लिएर बनेको यो ताल लगभग एक हजार दुई सय वर्गमिटरमा फैलिएको छ। उक्त क्षेत्रमा पहिले पहिले विभिन्न भेडी गोठ रहे पनि अहिले भने छैनन् । कफुचे नामकरण सम्बन्धमा स्थानीयवासीको भिन्नाभिन्नै तर्क छ । स्थानीय गुरुङ भाषामा 'क' भनेको हिउँको थुप्रो, 'फु' भनेको पग्लनु र 'चे' भनेको समथर ताल हो । हिउँ पग्लेर बनेको हुनाले यस ताललाई 'कफुचे' भन्ने गरिएको बताइन्छ। स्थानीयवासीका अनुसार करिब डेढ दशकअघिसम्म हिउँको थुप्रो रहेको सो स्थानबाट नै आवतजावत गर्न सकिन्थ्यो । पछिल्ला समयमा बर्सेनि बढ्दै गएको जलवायु परिवर्तनको असरका कारण हिउँ पग्लेर ताल बनेको स्थानीयवासी बताउँछन्।

सिक्लेस-कफुचे मार्गमा पर्ने हुँगु यस क्षेत्रको प्राचीन भेडी गोठ रहने क्षेत्र हो । कफुचेको यात्राका क्रममा सिक्लेसबाट राम्रो हिँड्न सक्नेहरू लगभग साढे तीन घण्टामा हुँगु पुग्न सक्छन्। हिँड्न नसक्नेका लागि भने चारदेखि पाँच घण्टासम्म लाग्ने गर्दछ। हुँगु पुगेका पर्यटक हिँड्न सक्ने एक घण्टामा कफुचे पुगे पनि नसक्नेका लागि डेढ दुई घण्टासम्म लाग्ने गर्दछ। पछिल्ला समयमा जथाभावी बाटो खन्ने क्रमसँगै पदमार्ग हराउँदै गएका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## स्तरीय उपचार सेवामा मुख्यमन्त्री पाण्डेको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा-३० स्थित सङ्क्रामक तथा सरुवा रोग अस्पतालको आइतबार निरीक्षण गर्नुभएको छ।

सो क्रममा उहाँले नागरिकलाई अहिलेको भन्दा विस्तारित र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल व्यवस्थापनलाई निर्देशन दिनुभयो । प्रदेश सरकारद्वारा सञ्चालित उक्त अस्पतालमा आउने बिरामीलाई सहज र सहुलियतमा सुविधा



दिनुपर्नेमा मुख्यमन्त्री पाण्डेको जोड थियो। उहाँले अस्पतालको पूर्वाधार र जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारले लगानी गर्दै जाने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले बिरामीको सहजताका लागि अस्पतालमा 'लिफ्ट' सुविधा राख्न सुझाव दिनुभयो । उहाँले अस्पतालमा रहेका बिरामीको अवस्था, उपचार सेवा, जनशक्ति, उपकरणको उपलब्धता, भौगोलिक संरचना लगायतका बारेमा जानकारी लिनुभएको थियो । प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोदविन्दु शर्मा, अस्पतालका चिकित्सक विकास गौचन लगायतले अस्पतालको अवस्थाका बारेमा मुख्यमन्त्री पाण्डेलाई जानकारी गराउनुभएको थियो । उक्त अस्पतालले छिट्टै डायलासिस सेवा पनि सुरु गर्ने तयारी गरिरहेको छ। अस्पतालको भवन पनि निर्माणाधीन अवस्थामा छ।


**GLOBAL COLLEGIATE SCHOOL**
**Ranipauwa, Pokhara**

**Admission Notice**

Global Collegiate School announces admission open for class XI in **Science and Management** for the academic year 2080/081.

**Entrance Programme Schedule**

| Stream → | | Science (Day) | Management (Morning & Day) |
|---|---|---|---|
| Form submission deadline | | 29th Asar, 2080 (by 4:00 pm) | 28th Asar, 2080 (by 4:00 pm) |
| Entrance Test | Date | 30th Asar, 2080 | 29th Asar, 2080 |
| | Time | 11:00am | 02:00pm |



**Minimum requirement :** At least GPA 2.8 for science and GPA 2.4 for management in SEE.

- For entrance application and further detail, please contact school office between 7am.- 4 pm.
- Optional Computer Science is available for both science and management stream.

**Principal**
**Global Collegiate School**
Ranipauwa, Pokhara
Contact No.: 061-574604, 577813, 585817
website : globalcollegiate.edu.np



# कस्मेटिक व्यवसायी संघद्वारा मेकअप सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

कस्मेटिक व्यवसायी संघ कास्कीले आफ्ना सदस्यहरूलाई दुईदिने सेल्फ मेकअप सम्बन्धि तालिम सम्पन्न गरेको छ।

पर्यटन तथा उधोगकार्यालय कास्कीको सहकार्यमा तालिम सञ्चालन गरिएको हो।

तालिममा वोल्दै पर्यटन तथा उधोग कार्यालयका प्रमुख तथा उधोग अधिकृत शेषकान्त पौडेलले व्यवसायीलाई थप उद्यमशिल बनाउनसंघले तालिम सञ्चालन गरेकोमा खुशी लागेको बताउदै तालिममा सिकेका कुराहरूलाई व्यवहारमा



उतार्ने व्यवसायीलाई आग्रह गरे। कार्यक्रममा पोखरा उद्योग बाणिज्य संघकी उप महासचिव शोभा गौतमले महिला व्यवसायीलाई उद्यमी बनाउन तालिम उपयोगी हुनेबताईन। कार्यक्रममा कस्मेटिक व्यवसायी संघ कास्कीका सस्थापक अध्यक्ष तथा सल्लाहकार विष्णु वास्तोला संघका निर्वतमानअध्यक्ष प्रेम सुवेदी प्रशिक्षक दीया तामाङ पर्यटन तथा उधोग कार्यालयका अधिकृत कमल केसी लगाएतले बोलेका थिए।

कस्मेटिक व्यवसायी संघ कास्कीकी अध्यक्ष दुर्गा बरालको अध्यक्षतामा भएको कार्यक्रममा कस्मेटिक व्यवसायी संघ कास्कीका प्रथमउपाध्यक्ष लक्ष्मण आचार्यले स्वागत मन्तव्य कार्यक्रम संयोजक तथा द्वितीय उपाध्यक्ष सरू बरालले धन्यवाद ज्ञापन तथा महासचिवमहेन्द्र पौडेलले कार्यक्रम सन्चालन गरेका थिए। तालिममा ४४ जना महिला कस्मेटिक व्यवसायीको सहभागिता रहेको थियो।



पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा व्यवसाय प्रवर्द्धन केन्द्रद्वारा सञ्चालित एक महिने नौमती बाजा तालिम लिएका पोखरा-१४ का महिलाहरु आइतबार पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य क उपस्थितीमा सभागृहमा नौमती बाजा बजाउँदै। तस्बिरः ऋषिराम बराल /रासस

# बुद्ध विशाल बजारका व्यवसायीलाई कर तथा लेखा सम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

बुद्ध विशाल बजार व्यापारिक एशोशियसन पोखराले आफ्ना व्यवसायीलाई कर तथा लेखा तालिम दिएको छ।

तालिममा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका अध्यक्ष केशव वहादुर खत्रीले आफ्ना व्यवसायी व्यवसायीलाईजरिवानाबाट बच्न सकियोस् भन्ने उद्देश्यले कर सम्बन्धी तालिमको आयोजना गरिएको बताउदै सिकेका कुरालाई कार्यक्षेत्रमा प्रभावकारीरूपमा



कार्यान्वयन गर्ने आफु विश्वत रहेको बताए। खत्रीले आफु सदैव व्यवसायीको हक हितको लागी लडिरहने बताउदै व्यवसायीकोअन्याय अत्याचारको विरूद्धमा वोल्दा कसैको डर धम्कीले आफुलाई व्यवसायीको पक्षमा वोल्न नरोक्ने बताए। तालिममका प्रशिक्षकहरू एवं कर अधिकृतहरू अपिल सिग्देल तथा विमल थापाले करबाट व्यवसायीले दुःख नपाउन् र करको बारेमाजानकारी नभएर जरिवाना तिर्नबाट जोगिउन् भन्ने नै तालिमको मुख्य उद्देश्य रहेको बताए। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशव वहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष ईन्द्रराजअर्याललले स्वागत मन्तव्य राखेका थिए भने एशोसियसनका महासचिव बुद्धि वहादुर कुँवरले कार्यक्रम सन्चालन गरेका थिए।

# मादीका पहिरो विस्थापित परिवारलाई राहत प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ असार

कास्की जिल्लाको मादी गाउँपालिकामा अबिरल वर्षापछिको पहिराले घरमा क्षति पुगेर विस्थापित परिवारलाई राहत प्रदान गरिएको छ।

मादीको वडा नं ६ का पाँच र वडा नं २ का एक परिवारमध्ये दुई घर पूर्णरूपमा विस्थापित र अन्य जोखिममा परेका थिए। मादी गाउँपालिका र जिल्ला प्रशासन कार्यालयले शनिबार प्रभावित परिवारलाई गाउँमै पुगेर राहत रकम प्रदान गरेका हुन्। पीडित परिवारलाई क्षतिका आधारमा गाउँपालिकाले रु दुई लाख पाँच हजार र जिल्ला प्रशासनले रु एक लाख राहत वितरण गरेको छ। यही असार १९ गतेको अबिरल वर्षाले मादी-६ को काहुँखोला-दूधपोखरी सडकको दोस्रो खण्डमा सजुक भेडीखर्क टोलको भेडीखर्क चोकमा पाँच परिवारको छ घर र गोठ पहिराले क्षति पुर्‍याएको थियो। पहिरोबाट विस्थापित मादी-६ का कमलापति बराललाई मादी गाउँपालिकाबाट रु ७० हजार र प्रशासनबाट रु २५ हजार राहत रकम प्रदान गरियो। त्यसैगरी दीपक बराललाई गाउँपालिकाबाट रु ५० हजार र प्रशासनबाट रु २० हजार, शम्मेर पाण्डेलाई पालिकाबाट रु ३० हजार र प्रशासनबाट रु १५ हजार, भुवन सिंहलाई पालिकाबाट रु २० हजार र प्रशानबाट रु १५ हजार राहत रकम प्रदान गरिएको छ। पहिरापीडित विष्णुमाया घर्तीका परिवारलाई प्रशासनबाट रु १५ हजार र गाउँपालिकाबाट रु २० हजार र कृष्णप्रसाद देवकोटाका परिवारलाई गाउँपालिकाबाट रु १५ हजार प्रशासनबाट रु १० हजार राहत रकम प्रदान गरिएको मादी गाउँपालिका-६ का वडाध्यक्ष डिलबहादुर क्षेत्रीले जानकारी दिनुभयो। पीडित परिवारलाई प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङ, गण्डकी प्रदेशसभा सदस्य बेदबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष देवीजङ्ग गुरुङ, जिल्ला प्रशासन कार्यालय कास्कीका अधिकृत दीपक रेग्मीलगायतले राहत वितरण गर्नुभएको हो। पहिराले पूर्णरूपमा घरमा क्षति पुगेका दीपक र शम्शेर पाण्डेको परिवार हाल आफन्त र समाजघरमा आश्रय लिएका छन्।

यी दुवै परिवार विस्थापित भएर आफन्त तथा समाजघरमा आश्रय लिएको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो। अबिरल वर्षा तथा पहिराका कारण मादीका विभिन्न स्थानमा क्षति पुगेको बताइन्छ। विशेषगरी ग्रामीण सडकमा पहिराले क्षति गराएको छ।

# पदयात्रा...

अवस्थामा सिक्लेस–कफुचेलाई नयाँ पदमार्गका रुपमा विकास गर्न सकिने ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकी प्रदेशका अध्यक्ष धर्मराज पन्थीले बताउनुभयो। त्यस क्षेत्रमा सन् २००७/८ सिक्लेस हुँदै नामुन पास भएर तिमाङ पदमार्गको टानले प्रवर्द्धन गरेको बताउँदै अध्यक्ष पन्थीले मादी गाउँपालिकाको याङजाकोटबाट दूधपोखरी हुँदै क्होलासौँथर निस्कने पदमार्गको प्रवर्द्धनलाई पनि प्राथमिकतामा राखिएको बताउनुभयो। "कफुचे ताललाई पदयात्रा पर्यटनसँग जोड्न सकेमा यहाँ ठूलो सङ्ख्यामा स्वदेशी एवम् विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ", उहाँले भन्नुभयो, "पदमार्ग क्षेत्रको प्रवर्द्धन, विकास सँगै पर्यटक लक्षित पूर्वाधार विकासमा तीनवटै तहको साथ र सहयोग आवश्यक छ।"

# 'मूल्यवृद्धि नियन्त्रण र वित्तीय स्थायित्वलाई केन्द्रमा राखी मौद्रिक नीति आउँछ'

**रासस**
काठमाडौं, २४ असार

नेपाल राष्ट्र बैंकका सञ्चालक चिन्तामणि शिवाकोटीले मूल्यवृद्धि नियन्त्रण र वित्तीय स्थायित्वलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याइने बताउनुभएको छ।

आर्थिक छलफल चौतारी नेपालले आज काठमाडौँमा आयोजना गरेको 'नेपालको आर्थिक अवस्था र आगामी मौद्रिक नीति' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै शिवाकोटीले यस्तो बताउनुभएको हो। "नेपाल राष्ट्र बैंकले तोकेअनुसार नै मुख्यगरी दुईवटा विषयलाई केन्द्रमा राखेर मौद्रिक नीति आउनेछ। मुद्रास्फीति नियन्त्रणमा राख्ने र वित्तीय स्थायित्व कायम गर्ने कुरा मुख्य हुन्", उहाँले भन्नुभयो। सरकारी राजस्व बढाउने, रोजगारी बढाउने जस्ता विषय मौद्रिक नीतिले प्रत्यक्षरूपमा नहेर्ने भए पनि केही वित्तीय व्यवस्थामार्फत ती क्षेत्रलाई सम्बोधन गर्न सकिने शिवाकोटीको भनाइ छ।

चालु आर्थिक वर्षका लागि सरकारले राखेको लक्ष्यअनुसार अहिले राजस्व उठ्न सकेको छैन। तर अहिले देखिएका मुख्य समस्याहरू न्यून राजस्व उठ्नु र सहकारी क्षेत्रमा देखिएको सङ्कट पनि राष्ट्र बैंक नहेर्ने उहाँले बताउनुभयो। सरकारले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि र रोजगारी सिर्जनाका लागि कुन क्षेत्रमा कर्जा विस्तार बढाउने भनेर हेरिने शिवाकोटीको भनाइ छ।

त्यस्तै, नियामकीय भूमिकामा नेपाल राष्ट्र बैंक कमजोर भएको पनि उहाँले स्वीकार्नुभयो। बैंकहरूले हाउजिङ क्षेत्रमा काठमाडौँ उपत्यकाभित्रका लागि मूल्याङ्कनको ३० प्रतिशत र उपत्यका बाहिरका लागि ४० प्रतिशत कर्जा दिइरहेकामा त्यसलाई बढाउन सकिने पनि उहाँको भनाइ छ।

त्यस्तै, पूँजीबजारका क्षेत्रमा यसअघि लिइएका नीतिको समीक्षा र नतिजा हेरेर अघि बढ्नुपर्ने बेला आएको उहाँले बताउनुभयो। त्यस्तै, पुनरकर्जा थप दिन सकिने अवस्थामा राष्ट्र बैंक नरहेको पनि शिवाकोटीले स्पष्ट पार्नुभयो। आगामी आर्थिक वर्षको मौद्रिक नीति धेरै कडा वा लचिलो नभई सन्तुलितरूपमा मध्यस्थ खालको आउनेतर्फ पनि उहाँले सङ्केत गर्नुभयो। "मौद्रिक नीतिले डिजिटल इकोनोमी, इनोभेसनका कुरामा लगानी बढाउने विषयलाई केन्द्रमा राख्छ। काउन्टर साइक्लिङ बफर लागू गर्ने समय अझै एक वर्ष पर सार्नुपर्ने हो कि भनेर विचार गर्नुपर्ने बेला आएको छ। चालु पूँजी कर्जा कार्यविधि कार्यान्वयनको विषयलाई पनि केही समय थाँती राखेर यसको सम्बोधन गर्न सकिन्छ", शिवाकोटीले भन्नुभयो, "मौद्रिक नीतिले ठूला ऋणीलाई कसरी नियमन गर्ने भन्नेबारे पनि सोच्नुपर्ने बेला भइसकेको छ। पुनरकर्जा, पुनर्तालिकीकरण, वैदेशिक मुद्रा सटहीमा दिइरहेको सुविधा लगायतका विषयमा राष्ट्र बैंकले आवश्यक र उपयुक्त निर्णय लिन्छ।"

# अन्तर्राष्ट्रिय महोत्सवमा 'गुराँस' ले जित्यो अवार्ड

**रासस**
काठमाडौं, २४ असार

नेपाली चलचित्र 'गुराँस' युरोपको प्रतिष्ठित महोत्सव 'दी कार्लोभी भ्यारी' अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा निर्णायकको तर्फबाट प्रदान गरिने 'जुरी अवार्ड' जितेको छ।


चेक रिपब्लिकमा आयोजित महोत्सवमा यही असार २० गते गरिएको विशेष प्रदर्शनीमै चर्चा बटुलेपछि आफूहरू उत्साहित भएको निर्देशक सौरभ राईले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पहिलोपटक गरिएको प्रदर्शनीमै पुरस्कृत हुँदा हामी उत्साहित भएका छौँ। यसले हामीलाई नियमित प्रदर्शनका लागि समेत हौसला थपेको छ।" सो प्रदर्शनीमा चलचित्रकी अभिनेत्री मेनुका प्रधान पनि सहभागी हुनुभएको थियो। रङ्गमञ्चमार्फत कलाकारितामा उदाएर चलचित्रमा छुट्टै पहिचान स्थापित गर्नुभएकी अभिनेत्री प्रधानले महोत्सवमा सहभागिता जनाउनु आफ्ना लागि नयाँ अनुभव रहेको प्रतिक्रिया दिनुभयो।नेपाल र भारतको संयुक्त प्रस्तुतिमा बनेको चलचित्रमा हराएको कुकुरको खोजीमा निस्किएकी १० वर्षीया बालिकाको आँखाबाट कथा प्रस्तुत गरिएको छ। दार्जिलिङको बदलिँदो आर्थिक र सामाजिक सम्बन्धलाई समेत प्रस्तुत गरिएको चलचित्र लेखन निर्देशक राईले नै गर्नुभएको छ। चलचित्रमा तुलसी खवासले 'गुराँस'को शीर्ष भूमिका र अभिनेता खगेन्द्र लामिछानेले पिताको भूमिका निर्वाह गर्नुभएको छ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति भाद्र २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१५४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६५४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन त्यति सजिलो हुन्छ ।
– स्वटेमार्डन

## सम्पादकीय

# श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर

संचार क्षेत्रमा काम गर्ने पत्रकारको पेशागत र भौतिक सुरक्षाको माग बारंबार उठ्ने गरेको छ । देशमा खुला वातावरण भएकै कारण संचार क्षेत्रमा निजी क्षेत्रको प्रवेश भएको हो । संचार क्षेत्रको प्रवेशसँगै व्यावसायीक पत्रकारिताको कुरा उठेको हो। मिडियामा काम गर्ने पत्रकारको पेशाको सुरक्षा र लगानीकर्ताको सुरक्षाका लागि कानुन आवश्यक थियो । स्वच्छ र स्वस्थ सञ्चार क्षेत्र विकासका लागि श्रमजीवी पत्रकारको भूमिका र महत्वकै कारण राज्यले श्रमजीवी पत्रकार ऐन, २०५१ र श्रमजीवी पत्रकार नियमावली, २०५३ निर्माण गरेको हो । ऐनको कार्यान्वयनका लागि त्यसमा समयानुकूल परिमार्जन गर्दै आएको छ । तर झन्डै तीन दशक हुँदा पनि ऐनको पूर्ण कार्यान्वयन हुन सकेको छैन । सरकारी स्वामित्वका सञ्चार माध्यममा यो ऐन कार्यान्वयनमा लागेको छैन । निजी क्षेत्रका सञ्चारगृहमा ठुलो समस्याका रूपमा छ श्रमजीवीहरू नियुक्तिपत्र, पारिश्रमिकलगायत ऐनले निर्धारण गरेका सुविधाका लागि बेलाबेला धर्नालगायतका आन्दोलनमा उत्रिनु परेको छ पत्रकारको चुनावको बेला यो मुख्य मुद्दा बन्ने गरेको छ ।

अरुको लागि सधैं बोल्दै आएका कारण सञ्चारकर्मीका कर्मलाई आवाजहीनहरूको आवाज पनि भनिन्छ । पत्रकारिता क्षेत्रलाई राज्यको चौथो अङ्गका रूपमा युगौंदेखि मान्यता छ यी व्याख्या, मान्यता र विम्बहरूको भाव र महत्त्वका आधारमा मात्र हेर्दा सञ्चारकर्मीमा ठुलो कर्तव्य र शक्ति छ । व्यवहारमा भने यी फुली पत्रकारलाई मक्ख पार्नका लागि मात्र लगाइदिएको महसुस हुन्छ । अरूको शोषण, अन्याय, कानुनको बेवास्ता, अवज्ञा वा उल्लङ्घनलगायतका समाचार र सन्देश प्रवाह गर्ने सञ्चार क्षेत्रभित्रै यस्तो अवस्था छ । राज्यले सञ्चार क्षेत्रको स्वच्छ र स्वस्थ विकासप्रति आवश्यक चासो र दायित्व बोध गरेर ऐनलगायत विभिन्न समिति र संरचना नबनाएको होइन। सरकारले सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन, कागजमा भन्सार छुटलगायतका आर्थिक सहयोग पनि गरेकै छ । श्रमजीवीको पसिनाबाट आर्जित दामबाट विलासी, दामी मोटर चढेर सान देखाउने मालिकहरू पत्रकारलाई न्यूनतम पारिश्रमिक दिन भने आर्थिक सङ्कट परेको तर्क गर्छन् । त्यसैले नेपाल पत्रकार महासंघलगायत श्रमजीवी पत्रकार सम्बद्ध संस्थाहरूले बेला बेलामा श्रमजीवी पत्रकार ऐन तथा न्यूनतम पारिश्रमिकसम्बन्धी व्यवस्थाको पूर्ण पालना गरिनुपर्ने आवाज उठाइरहेका छन्।

सरकारले पत्रकार, मिडिया संचालक र सरकारका प्रतिनिधि रहेको न्युनतम पारिश्रमिक निर्धारण समिति गठन गरेको छ समितिले समय समयमा पारिश्रमिक निर्धारण गरेर कार्यान्वयन गर्न सरकारलाई सिफारिस गरेको छासिफारिस कार्यान्वयनमा आलटाल हुन नदिन पहिलेको सरकारले मिडिया सञ्चालकले छलकपट गर्न नपाऊन् भनेर श्रमजीवी पत्रकारको पारिश्रमिक बैङ्क खातामा दाखिला गरेको विवरण सूचना विभागलाई उपलब्ध गराउनुपर्ने बाध्यकारी प्रबन्ध पनि गरिएको छ ।अझै कतिपय सञ्चालक सञ्चार माध्यमका नाममा राज्यको सुविधा उपभोग गर्ने तर श्रमजीवीप्रतिको दायित्व र जिम्मेवारीबाट पन्छिने गरेकै छन् । कानुनको परिपालना व्यवसायीले गर्नु पर्छ, राज्यले गराउनु पर्छ ।

सबै मिडिया आर्थिक रूपमा सबल र व्यावसायिक रूपमा सक्षम छैनन्। मिडिया सञ्चालकका पनि केही गुनासा छन्। त्यस्तो गुनासो विज्ञापन प्राप्तिका विषयमा बढी छ खास गरी सानो लगानी र मोफसलबाट सञ्चालित मिडियाले कठिनाइ भोगिरहेका छन्। त्यही बुझेर पारिश्रमिक निर्धारण समितिले मिडियाको वर्गीकरणका आधारमा पारिश्रमिक सिफारिस गरेको थियो। ऐन अनुसार निर्धारित पारिश्रमिक आवधिक र सामयिक पुनरवलोकन गरिनु पर्छ। कोभिड–१९ सङ्क्रमणको आर्थिक असरका सन्दर्भमा पुनरवलोकनको विषय ओझेलमा परे पनि पछिल्लो पटक समितिले विद्यमान पारिश्रमिकमा २५ प्रतिशत वृद्धिको सिफारिस गरेको छ यो सिफारिस कार्यान्वयन हुन नसकने छैनात्यसका लागि मुख्य सरोकारवाला नेपाल पत्रकार महासंघ र सरकारले भाषणमा होइन व्यवहारबाटै कार्यान्वयनमा ल्याउन दरो पाइला चाल्नु आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हराउँदै अपर्मपर्म

रासस
म्याग्दी, १ असार

एक दशकअघिसम्म ग्रामीण क्षेत्रमा धान, कोदो रोप्दा अर्मपर्म लगाउने परम्परा हिजोआज हराउँदै जान थालेको छ। पर्म लगाउने परम्पराका साथै पर्मका बेला गाईने पर्मेली गीत पनि लोप हुँदै गएका छन्।

धान, कोदो रोप्दा र गोडमेल गर्दा गाईने पर्मेली गीतले कुनैबेला म्याग्दीको ग्रामीण क्षेत्र घन्किथ्यो। गीत गाउँदै असारे झरीमा अर्मपर्म गर्दै काम गर्नुको मज्जै बेग्लै थियो । जिल्लाको मगर बाहुल्यता भएको माथिल्ला बस्तीमा काम गर्दा माइती र घर पक्षका आफन्तलाई बोलाई आलोपालो गरेर काम गर्ने, सम्बन्ध जोड्ने दुई सय वर्ष पुरानो परम्परा हराउँदै गएपछि ग्रामीण संस्कृति पनि नासिँदै गएकामा पाका पुस्ताले चिन्ता व्यक्त गर्न थालेका छन्।

"पर्म परम्पराको इतिहास दुई सय वर्ष पुरानो छ", बेनी नगरपालिका–२ बगरफाँटका ८७ वर्षीय वेदप्रसाद उपाध्यायले भन्नुभयो, "विसं १८७० ताका म्याग्दीका गाउँगाउँमा रहेका मुखियाले आफ् नोआफ्नो खेतमा काम गर्नका लागि गाउँलेलाई उर्दी लगाउँथे। सबै गाउँले मिलेर उनीहरुकामा निःशुल्क काम गरिदिनुपर्दथ्यो । त्यसकै सिको गर्दै गाउँलेहरुले पनि एक अर्काकामा गएर पालैपालो काम गर्न थाले, त्यसैलाई नै 'पर्म लाउनी' भन्न थालियो ।" अर्थ र श्रमसँग प्रत्यक्ष सम्बन्ध रहेको पर्म प्रथा सामाजिक सम्बन्धको मापन भएको मालिका गाउँपालिका–६ का ७३ वर्षीय डिलबहादुर पुनले बताउनुभयो। उहाँका अनुसार परम्पराकैरूपमा रहेका कारण पर्म प्रथा ग्रामीण संस्कृतिको एक अङ्ग बनेको थियो । "पर्म प्रथालाई सन्दर्भ बनाएर आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा प्राज्ञिक अध्ययन भएको पाइँदैन", उहाँले भन्नुभयो । पर्म प्रथालाई सामाजिक अध्ययनको विषय बनाउनु नितान्त आवश्यक रहेको समाजशास्त्रका अध्यापक नवीन घिमिरेले बताउनुभयो । "कसैको खेतमा रोपाइँ गर्नुपर्‍यो वा फसल काट्नुपर्‍यो भने थोरै श्रमले पुग्दैन। यस अवस्थामा एकले अर्काको खेतमा काम गर्न जाने हो। काममा सघाउन आउनेहरू एकभन्दा बढी हुन्छन् र छिटै काम सम्पन्न हुन्छ। सहयोगको बदलामा सहयोग नै गर्न जाने प्रथा नै पर्मका रूपमा बुझिन्छ", उहाँले भन्नुभयो । समय परिवर्तनसँगै ग्रामीण बस्तीबाट बसाइँसराइ गरेर सहर पस्ने क्रम बढ्दै गएपछि गाउँमा खेती लगाउने र अर्मपर्म गर्ने परम्परा घट्दै गएको घिमिरेको भनाइ थियो । युवा शिक्षा तथा रोजगारीका लागि विदेशमा जाने र परिवार सहरतिर झर्ने चलन जिल्लामा व्यापक बढेकाले खेती गर्नेको कमी हुँदा पर्म प्रथा पनि लोप हुँदै गएको उहाँले बताउनुभयो ।

कोदो उत्पादनका लागि प्रसिद्ध मानिएको जिल्लाको मालिका गाउँपालिका–२ रुममा एक दशकअघिसम्म कोदो रोप्दाको रमाइलो बेग्लै हुन्थ्यो । "कोदो रोप्नका लागि जुटेका माइती र चेलीको हुलले असारको तेस्रो सातादेखि साउनको दोस्रो सातासम्म बारी ढाकेको हुन्थ्यो", स्थानीय तिला विकले भन्नुभयो । बाँसुरी, मादल, बच्छे बाजालगायतका बाजा बजाएर मेलामा पर्मेली गीत गाउँदा कुनै ठूलै चाडको झल्को आउने उहाँले बताउनुभयो । विकका अनुसार रुमको केही जग्गामा कोदो रोपाइँ हुने गरे पनि आजभोलि पर्मेली हुल देखिन छाडेका छन्। "पहिला बाजागाजासहित पर्मेली गीत गाउँदै तामझाम गर्दै कोदो रोपाइँ गर्ने चलन थियो", उहाँले भन्नुभयो, "यहाँ अहिले कोदो रोपाइँ सुरू भए पनि पहिलाजस्तो पर्मेली हुल छैनन् ।" माइती र चेली जुटेर एकअर्कामा पर्म लगाउँदै पर्मेली गीत गाउने रुमको मौलिक विशेषता रहेको उहाँको भनाइ थियो । चेलीले कोसेली दिएपछि माइती पर्म लगाउन तयार हुने र माइतीकोसमेत रोपाइँ सकेपछि अन्त्यमा भोज खाएर कोदो रोपाइँ समापन गर्ने चलन यहाँको पुरानो परम्पराका रूपमा मानिन्छ। अहिले बजारमा निस्किएका थरिथरिका आधुनिक गीत/सङ्गीतले नयाँ पुस्तालाई ध्यान खिच्न थालेपछि त्यसको असर पर्मेली गीतमा परेको छ । पर्मेली गीत गाएर कोदो रोप्ने चलनलाई विस्थापित गर्दै अहिले मोबाइलमा गीत बजाएर कोदो रोप्न थालिएको स्थानीय बताउँछन् । ग्रामीण क्षेत्रका स्थानीय रोजीरोटीका लागि बाह्य क्षेत्रमा जानेक्रम बढेसँगै पर्म लगाउने परम्परा प्रभावित भएको यहाँका स्थानीयको भनाइ छ । जिल्लाका रुम, ओखरबोट, हिस्तान, नारच्याङलगायत गाउँमा युवा परिवारसहित सहर तथा सुविधासम्पन्न क्षेत्रमा बसोबास गर्ने क्रम बढ्दो छ। पहिला मुख्य चहलपहल हुने यी ठाउँका घर अहिले रित्तिएका छन्।

रित्तिएका घर रून र जग्गा कमाउनका लागि आसपासका क्षेत्रबाट गाउँमा आउनेले पर्मेली परम्परालाई चासो नदिने रसमाया सिउथानीले बताउनुभयो । गाउँमा अहिले पहिलाको तुलनामा पर्मेली परम्परा हराउन थालिसकेको उहाँको भनाइ थियो। "गाउँभरिका माइती चेली जुटेर एकैदिन मेलो सल्टाउँदा खुब रमाइलो हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले कतैकतै मात्रै अर्मपर्म चलिरहेको छ । अब त यो परम्परा नै मासिने पो हो कि भन्ने चिन्ता छ ।" पर्मेली परम्परा हराउँदै गएपछि जिल्लामा पर्मेली गीत गाउनेको अभाव हुन थालेको सिउथानीले बताउनुभयो । "उमेर ढल्केकाले मात्रै पर्मेली गीत भाका हालेर गाउन सक्छन् । उनीहरू मेलापातमा पुगेर भाका हाल्न सक्दैनन् । नयाँ पुस्ताले पर्मेली गीत बिर्सिसके", उहाँले भन्नुभयो । किसानलाई खेतीकिसानीमा आकर्षित गराउन र सबै समुदायलाई एकै भावनामा जोड्नका लागि पर्मेली गीत र पर्म लगाउने परम्पराले सहयोग गरेको मालिका गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी घर्तीमगरले बताउनुभयो । "संस्कृतिकैरूपमा विकास भएका यस्ता परम्परा जोगाउनका लागि हामी लागिपर्नु आवश्यक भएको छ", उहाँले भन्नुभयो । समाजशास्त्रका अध्यापक घिमिरेका अनुसार पर्म प्रथालाई अधिकांश समाज तथा समुदायले आफ्नो आफ्नो मौलिक परम्पराका रुपमा लिएका छन् । "पर्म प्रथा विस्तारै अन्य समुदायले अपनाएका हुन् ।


## सार्वजनिक सूचना

बागलुङ जिल्ला जैमिनी नगरपालिका बस्ने तेज कुमारी श्रीषको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. १११३६, १११३८ को क्षेत्रफल २०४.६६ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फको सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


# दुग्ध उत्पादक कृषकलाई अनुदान

पोखरापत्र संवाददाता
दमौली, २४ असार

तनहुँको म्याग्दे गाउँपालिकाले दूध उत्पादक कृषकलाई उत्पादनका आधारमा अनुदान उपलब्ध गराएपछि कृषक उत्साहित भएका छन् । गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यसहित पालिकाले उत्पादनका आधारमा अनुदान दिने नीति ल्याएपछि कृषक खुशी भएका हुन् ।

म्याग्दे गाउँपालिका–३ निवासी नवराज घिमिरेले चालु आर्थिक वर्षमा नौ हजार तीन सय ९४ लिटर दूध उत्पादन गर्नुभयो । गाउँपालिकाले उहाँलाई प्रतिलिटर नौ रुपैयाँ २० पैसाका दरले रु ८६ हजार चार सय २४ अनुदान प्राप्त गर्नुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाको यो कामले कृषकको हौसला बढाएको छ। जति धेरै उत्पादन गर्न सक्यो त्यति हामीलाई फाइदा छ ।" उहाँले यो कार्यलाई निरन्तरता दिन गाउँपालिकालाई आग्रह गर्नुभयो । गाउँपालिकाको पशु सेवा शाखाको दूधमा अनुदान कार्यक्रमअन्तर्गत उत्पादनका आधारमा पालिकाले चालु आर्थिक वर्षमा कृषकलाई रु १४ लाख रु ९८ हजार पाँच सय ८२ अनुदान रकम उपलब्ध गराएको छ । गाउँपालिकाले प्रतिलिटर नौ रुपैयाँ २० पैसाका दरले उत्पादनका आधारमा अनुदान दिने नीतिबमोजिम तीनवटा सहकारीमा आबद्ध कृषकलाई उत्पादनका आधारमा अनुदान रकम वितरण गरिएको छ । म्याग्दे दुग्ध उत्पादक सहकारी संस्थामार्फत दूध बिक्री गर्ने कृषकलाई रु ११ लाख २१ हजार एक सय ८५, गौसेवा दुग्ध उत्पादक सहकारीमार्फत दूध बिक्री गर्ने कृषकलाई रु दुई लाख १२ हजार दुई सय ३२ र साँगे चारहजार दुग्ध उत्पादक सहकारीमार्फत दूध बिक्री गर्ने कृषकलाई रु एक लाख ६५ हजार एक सय ६३ रकम वितरण गरिएको पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो । म्याग्दे दुग्ध उत्पादक सहकारीले चालु आर्थिक वर्षमा एक लाख २१ लाख आठ सय ६८ लिटर, गौसेवा दुग्ध उत्पादक सहकारीले २३ हजार ६८ र साँगे चारहजार दुग्ध उत्पादक सहकारीले १७ हजार नौ सय ५२ लिटर दूध उत्पादन गरी बिक्री गरेको हो । चालु आर्थिक वर्षमा गाउँपालिकाबाट एक लाख ६२ हजार आठ सय ८९ लिटर दूध उत्पादन भएको छ । दूधमा अनुदान कार्यक्रममार्फत म्याग्दे सहकारीका ५५, गौसेवा सहकारीका १० र साँगे चारहजार सहकारीका २२ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् । गाउँपालिकाभित्रका कृषकले उत्पादन गरेको दूध छिमेकी पालिकाका सहकारीमार्फत बिक्री वितरण गर्दा पनि गाउँपालिकाले अनुदान उपलब्ध गराउँदै आएको शाहले बताउनुभयो । कृषि र पशुपालन क्षेत्रलाई अझै व्यवस्थित गर्दै लैजाने बताउँदै गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकलाई प्रोत्साहन गरिने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन उत्पादनका आधारमा अनुदान दिने नीति ल्याएका हौँ । यसले गर्दा दुग्ध उत्पादक कृषक पेसाप्रति आकर्षित र उत्साहित भएको पाएका छौँ ।" उपाध्यक्ष बालकृष्ण घिमिरेले दूधको विभिन्न परिकार उत्पादन गरी बजारीकरण गर्न सकिने बताउँदै दूधको खुवा बनाएर विद्यार्थीलाई दिवा खाजास्वरुप प्रदान गर्नेतर्फ ध्यान दिन आग्रह गर्नुभयो । दूध उत्पादक कृषकलाई प्रोत्साहनका लागि गाउँपालिकाले आगामी आव २०८०/८१ मा पनि उत्पादनमा आधारमा अनुदानको नीतिलाई निरन्तरता दिएको पशु सेवा शाखा प्रमुख डा शाहको भनाइ छ । उहाँका अनुसार थुनेलो परीक्षण तथा उपचार शिविर, घाँसको नर्सरी स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

म्याग्दे दुग्ध उत्पादक सहकारी संस्थाका कार्यवाहक अध्यक्ष नवराज घिमिरेले पालिकाको पशु सेवा शाखामार्फत उपलब्ध अनुदान कार्यक्रम, सुत्केरी पोषण खर्च, पशु बीमा, अन्तर जिल्ला ढुवानीलगायतले दुग्ध उत्पादक कृषकलाई सहयोग पुगेको बताउनुभयो ।

# पहाडै चर्किएपछि तीन सय परिवार जोखिममा

पोखरापत्र संवाददाता
पर्वत, २४ असार

जलजला गाउँपालिका वडा नं ५ लेखफाँटको सिङ्गो गाउँ पहिराको जोखिममा परेको छ । बस्तीभन्दा माथि रहेको लोप्रेको सिङ्गो डाँडै चर्किएर लेदो बग्न थालेपछि गाउँ जोखिममा परेको हो ।

नरन्तरको वर्षासँगै पहाडबाट झरेको कमेरो माटो, ढुङ्गासहितको लेदोले खेतबारीसमेत पुरिन थालेको छ । वडा नं ५ लेखफाँटका साविकका दुई वडामा रहेका तीन सयभन्दा बढी परिवार विस्थापित हुने अवस्थामा पुगेको गाउँपालिकाका अध्यक्ष राजु आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पहाडको सबै भाग चर्किएकाले जोखिम न्यूनीकरणका लागि तत्काल कुनै कदम चाल्नुपर्ने बताउनुभयोडाँडामुनिरहेकामूलखडेरी, गैरीगाउँ, पूर्णगाउँ र माफफाँटसम्म जोखिम रहेको उहाँले बताउनुभयो । पर्वतको वारी बेनीसमेत उक्त पहिरोको जोखिममा पर्ने देखिएको छ ।

वर्षायाम सुरु भएसँगै खेतबारीमा रोपेको धान, कोदो पहाडबाटझरेकोलेदोलेपुरिनथालेपछि गाउँलेहरुले स्थानीय सरकारलाई गुहारेका छन् । गाउँपालिकाका जनप्रतिनिधिसहित जिल्ला विपद व्यवस्थापन समितिको टोलीले जोखिमपूर्ण स्थलको अवलोकन गरेको छ। स्थानीय पदम कार्कीले पहाड नै चर्किएपछि बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था आएको बताउनुभयो । "लगाएको खेतीबालीसमेत पूरै पुरिएको छ, कमेरे माटोमा खेती नहुने भएकाले हिउँदमा समेत खेतीबाली लगाउन नमिल्ने भइसक्यो, हामी निकै समस्यामा परेका छौं, बस्ती छाड्ने कि संरक्षण गर्ने भन्ने अन्योल रहेको छ", उहाँले भन्नुभयो ।

गाउँपालिकाले भने बस्तीमा ढुङ्गामाटो आउन नदिनका लागि तत्कालका लागि ड्याम बनाएर व्यवस्थापन गर्ने योजना बनाएको छ। यो योजना दिर्घकालीन नहुने स्थानीयको भनाइ छ । पहाड खस्नबाट जोगाउनुभन्दा पनि मानव बस्तीलाई जोगाउनतर्फ लाग्नुपर्ने स्थानीयले अनुरोध गरेका छन् । भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख दिवाकर पौडेलले उक्त क्षेत्रको अवस्था भयावह रहेको बताउनुभयो।प्राकृतिकप्रकोपलाई कसैले रोकेर रोक्न नसकिने जनाउँदै उहाँले कुनै पनि बेला ठूलो दुर्घटना निम्तिने अवस्था रहेको बताउनुभयो । उहाँले पहिला मानव तथा गाईबस्तुको संरक्षणमा ध्यान दिनुपर्ने बताउनुभयो ।

विसं २०७२ को भूकम्पपछि उक्त क्षेत्रमा पहिराको जोखिम बढ्दै गएको हो । तत्कालीन अवस्थामा त्यहाँका पाँच परिवार विस्थापित भएका थिए । भूकम्पपछि हरेक वर्षायाममा यहाँका बासिन्दा त्रासपूर्ण अवस्थामा बस्दै आएका छन् । उक्त क्षेत्रको जोखिम न्यूनीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बोलाएर आवश्यक निर्णय गरिने गाउँपालिकाका अध्यक्ष आचार्यले जानकारी दिनुभएयो । बस्ती स्थानान्तरण वा अन्य वैकल्पिक उपायका बारेमा छलफल गरेर निष्कर्षमा पुगिने उहाँले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ स्थित विजयपुर–पोखरी गाउँको बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः विजयपुर–पोखरी गाउँको बहुउद्देश्यीय भवन निर्माण
ठेगानाः पोखरा–१३, कास्की
कार्यालय/कार्यक्रमको नामः सामाजिक विकास कार्यालय
योजना सम्भौता मितिः २०८०/०२/०७ गते
योजना सम्पन्न गर्ने मितिः २०८०/०३/३० गते
योजनाको कुल लागतः रु. २९,१७,४२९/३८
आयोजनामा कार्यालयबाट ब्योहोर्ने रकमः रु. २६,५०,०००/-
जनसहभागिताबाट ब्योहोर्ने रकम : रु. २६७,४२९/३८
उपभोक्ता समिति अध्यक्षः लक्ष्मी सुनार मो. ९८१६११८८३२
आयोजनाबाट लाभान्वित जनसंख्याः १५० घरधुरी

**विजयपुर–पोखरी गाउको बहुउद्देश्यीय भवन निर्माण उपभोक्ता समिति पोखरा–१३, कास्की**

# गोरखामा पढदै कमाउँदै विद्यार्थी

रासस
गोरखा २४ असार

गोरखाको बारपाक सुलिकोट गाउँपालिकास्थित बारपाक बहुप्राविधिक विद्यालय अध्ययनरत विद्यार्थीले पढाइसँगै आम्दानीसमेत गर्न थालेका छन् ।

शिक्षालयमा पढ्ने विद्यार्थीलाई उत्पादनसँग जोड्न गाउँपालिकाले 'सिक, कमाउ र तिर कार्यक्रम' लागू गरेपछि कृषि उत्पादन गरी बिक्री वितरण गरेर विद्यार्थीले आम्दानी गर्न थालेका गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत तुलसीराम आचार्यले जानकारी दिनुभयो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आङ्गिक शिक्षालयको रुपमा वडा नं ४ स्थित सौरपानीमा रहेको प्राविधिक शिक्षालयमा कृषि बाली विज्ञानमा अध्ययनरत विद्यार्थीले आलु, प्याज, गोलभेडा र च्याउ खेती तथा फलफूल खेती गरेर आयआर्जन गर्न थालेको उहाँले बताउनुभयो । शिक्षालयमा अहिले कृषि बाली विज्ञान र पशु विज्ञान कार्यक्रमअन्तर्गत पढाइ हुँदै आएको छ । आचार्यले भन्नुभयो, "हाल शिक्षालयमा एक सय २४ विद्यार्थी अध्ययनरत छन्, उनीहरुले



पढ्दै कमाउँदै गर्न थालेका छन् ।" बोलेर भन्दा पनि गरेर खान सिकाउने उद्देश्यले शिक्षालयमा सिक, कमाउ र तिर' कार्यक्रम चालु आर्थिक वर्षदेखि सुरु भएको हो । गत वर्ष मङ्सिरदेखि शिक्षालयमा सिक, कमाउ र तिर कार्यक्रम लागू भएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ गोरखा र शिक्षालयको साभेदारीमा शिक्षालयअन्तर्गत टनेल निर्माण गरिएको छ । उहाँले भन्नुभयो, 'अहिले एउटामा गोलभेँडा उत्पादन भइरहेको छ । अर्कोमा बोडी उत्पादन गरी बिक्री गर्न थालिएको छ ।" शिक्षालयमा विद्यार्थी आफैले पनि टनेल निर्माण गरी काँक्रो, लौका, फर्सी, घिरौला, करेलालगायत तरकारी उत्पादन गरी बिक्री गरिरहेको उहाँले बताउनुभयो । "विद्यार्थी आफैले च्याउ उत्पादन गर्दै आएका छन्", प्रमुख प्रशासकीय अधिकृत आचार्यले भन्नुभयो, "कुखुरापालन गरी मासु बिक्री गर्ने गरिएको छ ।" कार्यक्रमअन्तर्गत नै गाउँपालिकाले भाडामा उपलब्ध गराएको करिब २३ रोपनी जमिनमध्ये १३ रोपनीमा रोपाइँ गरिएको छ । बाँकी जमिनमा छिट्टै रोपाइँ गर्ने तयारी विद्यार्थीले गरिरहेका छन् । गाउँपालिकाले यही साउनदेखि लागू हुनेगरी १० वर्षका लागि २३ रोपनी खेतीयोग्य जमिन शिक्षालयलाई भाडामा उपलब्ध गराएको हो । भैसी गोठ निर्माण तथा तारबार लगाउन गाउँपालिकाले आगामी आर्थिक वर्षमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । उहाँले भन्नुभयो, "उत्पादनबाट गरिने आम्दानीको ८० प्रतिशत विद्यार्थी र २० प्रतिशत शिक्षालयले लिने गरेका छन् ।" गाउँपालिकाले शिक्षालयमा आगामी आर्थिक वर्ष २०८०/८१ मा माछापालन गर्ने, खोर निर्माण गरी बाखा तथा भेडापालन सुरु गर्ने, भैँसीको गोठ निर्माण गरी गाईभैँसीपालन गरी दुग्ध उद्योग सुरु गर्ने योजना बनाएको छ ।

शिक्षालयमा लेयर्स जातको कुखुराको पालन गरी अण्डा उत्पादन, बुंगुरको खोर निर्माण गरी बंगुरपालन, च्याउको आधुनीक घर निर्माण गरी बाह्रै महिना च्याउ उत्पादन, नर्सरीबाट विभिन्न फलफुल, तरकारी तथा डाले घाँसका बिरुवा उत्पादन गरी बिक्री वितरण गर्ने लक्ष्य रहेको रहेको प्रमुख प्रशासकीय अधिकृत आचार्यले जानकारी दिनुभयो ।

# टमकुमारी रोकामगरका छोराछोरीलाई आर्थिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २४ असार

म्याग्दीको मालिका गाउँपालिका वडा नं. ३ पाल्लेकी टमकुमारीरोकामगरकीनौमहिनाकी छोरी ईश्वरी रोकामगर र ४ वर्षका छोरा ईश्वर रोकामगरको पढाइ खर्चका लागि आर्थिक सहयोग जुटेको छ ।

घाँस काट्न जाँदा भीरबाट लडेर गम्भीर घाइते भएकी टमकुमारी रोकामागर गण्डकी मेडिकल कलेजमा उपचार गरी घर फर्किएकी छन् । एयरलाइन्स फ्लाइट अटेन्डेन्ट एकेडेमी प्रा.लि.की प्रबन्ध निर्देशक शोभा के.सी., परिचय एड्भर्टाइजिङ प्रा.लि.का सञ्चालक सोबित बस्याल, चलचित्र पत्रकार सङ्घ नेपाल कास्कीका अध्यक्ष प्रभु अधिकारी, सामाजिक अभियन्ता सोभित ठकुरी, खेम ठकुरी, सजिला नेपाल, सुस्मिता, ज्योति, परिचय डटकमकी सुनिता शर्मा लगायतका सहयोगी हातहरूले सङ्कलन गरेको १५ हजार १ सय ५० रूपयाँ आइतबार




टमकुमारीकी काकी तथा सामाजिक अभियन्ता भीमसरा घर्तीमगरलाई हस्तान्तरण गरिएको हो ।

एकेडेमीकी शोभा के.सी.ले घाइते टमकुमारीका बच्चाबच्चीको पढाइ खर्चमा सहयोग पुगोस् भनेर सहयोग जुटाएको जनाएकी छन् । भीमसरा घर्तीले टमकुमारीको उपचार सफल भएको र छोराछोरीका लागि पढाइ खर्चवापत प्राप्त भएको रकम बैङ्कमा जम्मा गरिदिने बताउँदै सहयोगी हातहरूलाई धन्यवादज्ञापन गरेकी थिइन् ।

खेतीपाती र घरगृहस्थी चलाइरहेकी २२ वर्षकी टमकुमारी गत बैशाख २६ गते मङ्गलबार घाँस काट्न जाँदा भीरबाट लडेर गम्भीर घाइते भएकी थिइन । सामाजिक अभियन्ता तथा आफन्ती भीमसरा घर्तीमगरको पहलमा स्थानीय व्यक्ति, संघसंस्था, मालिका गाउँपालिकाको कार्यालय र कतारमा रहेका नेपालीले सहयोग गर्दा ५ लाख ७ हजारभन्दा बढी रकम जुटेको जानकारी गराइन ।

# ढोरपाटन पुग्नै सकस

रासस
बागलुङ २४ असार

चारैतिर हरियाली पहाड, बीचमा समथर भू-भाग । राता, सेता, पहेँला र निला रङ्गका वनफूलले ढाकिएको ढोरपाटन उपत्यका यति बेला निकै मनमोहक देखिन्छ । कतिबेला पानी पर्ने, कति बेला घाम लाग्ने, यहाँको विशेषता हो । नेपालको एक मात्रै सिकार आरक्ष ढोरपाटनले यति बेला आगन्तुकलाई पर्खि रहेको छ ।

सदाबहार सुन्दर देखिने ढोरपाटनले यो याममा आगन्तुकलाई बढी लोभ्याउने गर्छ । समथर मैदानमा कुद्ने घोडा, खच्चड र गाईभैँसीको बगालले झनै मोहित बनाउँछ । टाढैबाट पनि आकर्षक देखिने ढोरपाटन उपत्यकामा यति बेला घुम्न आउनेको सङ्ख्या हवात्तै बढेको छ । तर यहाँ पर्याप्त सडक सुविधा भने छैन । त्यसैले सबै ढोरपाटन पुग्न सक्दैनन् । सडकको दुरावस्थाका कारण आगन्तुक सहज रुपमा ढोरपाटन पुग्न सक्दैनन् । राष्ट्रिय प्राथमिकताको आयोजनाका रुपमा रहेको सालभण्डी-ढोरपाटन सडक ट्र्याक खुलेको एक दशक बितेको छ । अहिलेसम्म स्तरोन्नति हुन नसक्दा पर्यटकले सास्ती खेप्नु परेको छ । सडक स्तरोन्नतिका लागि बजेट विनियोजन नभएर होइन, निर्माण कम्पनीले समयमा काम नगर्दा यात्रा गर्न कठिन हुने गरेको हो । ढोरपाटनको प्रवेशद्वार बुर्तिबाङदेखि बोबाङसम्म सडक राम्रै भए पनि त्यसभन्दा माथि निकै अप्ठ्यारो छ । साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारी साधान ढोरपाटन पुग्न सक्दैनन् । यसबेला अधिकांश पर्यटक मोटरसाइकल र जीपमा यात्रा गर्ने गर्दछन् । पर्यटकले प्रयोग गर्ने सवारीसाधान बीचबाटोमै बिग्रिने हुँदा उनीहरूसमेत अलपत्र पर्ने गरेका छन् । केही दिनदेखिको वर्षाले सडकमा लेदोसहितको हिलो र डुङ्गा थुपारेको हुँदा यात्रा गर्न कठिन भएको गुल्मीको शान्तिपुरबाट यहाँ घुम्न आउनु भएका किशोर क्षेत्रीले बताउनुभयो । निसेलढोरसम्म पुग्ने योजना बनाएर साथीसँग आउनु भएका क्षेत्रीले फल्लेघरको माथिल्लो घुम्तीबाटै बुर्तिबाङ फर्किनु परेको सुनाउनुभयो । "बसाइँ बुटवलतिर छ, बर्खे बिदामा गाउँ आएको बेला ढोरपाटन घुम्न आएका थियौँ, बुर्तिबाङभन्दा माथिसम्म त बाटो सजिलो रैछ, त्यसभन्दा माथि त निकै गाह्रो रहेछ, सडक अप्ठ्यारो हुँदा ढोरपाटन पुग्न सकिएन", क्षेत्रीले भन्नुभयो- "ढोरपाटन घुम्ने चाहना पूरा भएन ।" सडकले तराई र पहाडलाई जोड्ने गरी रुपन्देहीको सालभण्डीदेखि अर्घाखाँची हुँदै ढोरपाटन जोडेको छ । सडकको दुरावस्था हुँदा पर्यटकसँगै ढोरपाटनका स्थानीयलेसमेत सहज रुपमा यात्रा गर्न पाएका छैनन् । सडक साँघुरोरहिलाम्मैहुँदावस्तुभाउसहित लेकबेँसी गर्न सकस भएको स्थानीय वीरबहादुर सुनारले बताउनुभयो । हिउँदमा साना गाडी जसोतसो चल्ने गरे पनि बर्खाको समयमा ठप्प हुने गरेको उहाँको भनाइ छ । साँघुरो सडक हुँदा बेला बेलामा दुर्घटनासमेत हुने गरेकाले यसतर्फ सरोकारवालाको ध्यान पुग्न जरुरी रहेको उहाँले बताउनुभयो ।

"सडकका कारण ढोरपाटन घुम्न आउनेलाई सकस हुन्छ", सुनारले भन्नुभयो-"गाडी बाटोमै बिग्रिदा कति त बाटैबाट फर्किन्छन्", उहाँले भन्नुभयो ।

विसं २०७१ मा सो सडकको ट्र्याक खुलेको हो । गङ्गरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर लामो सडक छ । सालभण्डीदेखि ढोरपाटनसम्मको लम्बाइ एक सय ९७ किलोमिटर रहेको छ । विसं २०७७ भदौ १० गते राति आएको भिषण बाढीले विभिन्न स्थानमा सडक बगाएको थियो । बडिगाड गाउँपालिका-१०गङ्गरे,निसीखोला गाउँपालिका-७ राजकुट, वडा नं १ देविस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि दुई वर्ष अगाडि सम्झौता भएको थियो । हालसम्म २८ प्रतिशत मात्रै काम भएको सालभण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका सूचना अधिकारी इन्जीनियर सरोज आचार्यले जानकारी दिनुभयो।बुर्तिबाङदेखिफल्लेघरसम्मको सडक स्तरोन्नतिका लागि गत वर्ष कात्तिकमा स्वच्छन्द/ओमबुद्ध जेभीसँग ३० महिनामा काम सक्ने गरी रु २५ करोडमा सम्झौता भएको आचार्यले बताउनुभयो । स्तरोन्नतिको कामलाई तीव्रता दिन कार्यालयले निर्देशन दिए पनि निर्माण कम्पनीले ढिला सुस्ती गरिरहेको उहाँ बताउनुहुन्छ ।

गङ्गरेदेखि बुर्तिबाङसम्म पनि काम भइरहेको आचार्यले बताउनुभयो । सो खण्डमा कच्ची नाली निर्माण गर्ने काम भइरहेको छ । "कामले गति लिन सकेको छैन, अहिले पर्खाल लगाउने काम भइरहेको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार गङ्गरेदेखि ढोरपाटनसम्म ६१ किलोमिटर सडक पर्छ । उक्त यस सडकका लागि यसवर्ष रु ४० करोड विनियोजन भएको थियो । ढोरपाटन नगरपालिकाका नगर उपप्रमुख धनबहादुर कायतले ढोरपाटन प्राकृतिक रुपले सम्पन्न भए पनि सडकका कारण पर्यटकले सास्ती खेप्नु परेको बताउनुभयो ।

# चुमनुब्रीलाई डढेलोमुक्त गाउँपालिका बनाइने

पोखरापत्र संवाददाता
गोरखा, २४ असार

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकालाई डढेलोमुक्त गाउँपालिका बनाइने भएको छ । वातावरणप्रदूषणरोकथामरन्यूनीकरण गरी पर्यावरणीय संरक्षणका लागि गाउँपालिकालाई डढेलोमुक्त क्षेत्र बनाउन लागिएको गाउँपालिका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो ।

"डढेलोबाट वनजङ्गलको विनासमात्र हुने नभई यसबाट पर्ने वातावरणीय असरले जलवायु परिवर्तनमासमेतनकारात्मकप्रभाव पारिरहेको हुन्छ", उहाँले भन्नुभयो, "यसलाई रोकथाम र नियन्त्रणका लागि सिङ्गो गाउँपालिकालाई नै डढेलोमुक्त गाउँपालिका घोषणा गरिएको हो ।" "पालिकाभित्रका धेरैजसो जङ्गलमा सिकारीले बढी मात्रा डढेलो लगाउने गरेको पाइएकाले डढेलो नियन्त्रण र रोकथामका लागि गाउँपालिकाले नीति बनाउन लागेको अध्यक्ष लामाले जानकारी दिनुभयो । "सिर्दीबास क्षेत्रमा यस्तो समस्या बढी देखिएको छ", उहाँले भन्नुभयो, "सिकारीले सिकारका लागि समेत डढेलो लगाउने गरेका पाइएकाले पालिकालाई नै डढेलोमुक्त क्षेत्र घोषणा गरी कडाइका गर्न लागिएको हो ।" गाउँपालिकालाई डढेलोमुक्त बनाउन सके मात्र प्रदूषणमुक्त गाउँपालिका निर्माण गर्न सकिने भएकाले डढेलो रोकथाम र नियन्त्रणलाई गाउँपालिकाले प्राथमिकता दिएको उहाँले बताउनुभयो । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममै समेटेर गाउँपालिकालाई डढेलोमुक्त गाउँपालिका बनाउने घोषणा कार्यान्वयनका लागि गाउँपालिकाले मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)सँग पनि समन्वय गरेर काम गर्ने अध्यक्ष लामाको भनाइ छ । यसका लागि गाउँ-गाउँमा जनचेतना फैलाउने योजना गाउँपालिकाले बनाएको उहाँले बताउनुभयो । "डढेलोका कारण पुग्ने क्षति, वातावरणमा पुग्ने असर, वन्यजन्तुको विनासलगायतका जनचेतना गाउँ-गाउँमा फैलाउनु आवश्यक छ", अध्यक्ष लामाले भन्नुभयो, "भौगोलिक विकटता भएको गाउँपालिका भएकाले एमक्यापसँग समन्वय र सहकार्य गरी ड्रोनमार्फत पनि सचेतना फैलाउने र टोल-टोलमा सचेतना प्रदान गर्ने योजना छ ।"

प्रदूषणमुक्त गाउँपालिका निर्माणका लागि पालिकाभित्रका खाली जमिनमा वृक्षरोपण कार्यक्रमलाई निरन्तरता दिने गाउँपालिकाको योजना रहेको उहाँले जानकारी दिनुभयो । उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाको चुम उपत्यका करिब एक सय तीन वर्षअघिदेखि शान्ति र अहिंसाको क्षेत्रका रुपमा पनि परिचित छ ।

# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ स्थित छिनेडाँडा देउरालीटोलको ऐतिहासिक चौतारा निर्माण गर्नका लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा कार्यालय अगाडिको चौतारा निर्माण

ठेगानाः पोखरा-१४, छिनेडाँडा देउरालीटोल

योजना सम्झौता मितिः २०८०/०३/०२ गते

योजना शुरु मितिः २०८०/०३/०४ गते

योजना सम्पन्न मितिः २०८०/०३/२३ गते

योजनाको कुल लागतः रु. ६,००,०००/-

महानगरपालिकाबाटः रु. ६,००,६१६/६२

उपभोक्ता समितिः

अध्यक्षः अन्जन कार्की, सचिवः पार्वती पोखेल

कोषाध्यक्षः अनिल कार्की

**वडा कार्यालय अगाडिको चौतारा निर्माण उपभोक्ता समिति पोखरा-१४, छिनेडाँडा, देउरालीटोल**

# तिल्चेको बस्ती अझै जोखिममा

रासस
मनाङ, ९ असार

हिमाली जिल्ला मनाङमा विसं २०७८ असार १ मा भएको भारी वर्षा इतिहासमै पहिलो घटना बनेको छ । त्यसयता भएको वर्षात् मनाङवासीका लागि अविस्मरणीय छ । वर्षात् का कारण विभिन्न क्षेत्रमा ठूलो बाढीपहिरा जान गएकाले मनाङमा क्षति पुग्यो ।

वर्षातपछि मर्स्याङ्दी नदीसँगै यहाँका खोला, खोल्सीमा आएको बाढीले पनि धेरै क्षति पुर्‍यायो । दूधखोलामा आएको बाढीले नार्सो गाउँपालिका-६ र ७ स्थित तिल्चे गाउँको बस्ती जोखिममा पर्‍यो । दुई वर्ष पूरा भइसक्दा पनि यहाँको बस्ती अझै जोखिममा नै रहेको छ ।

अझ वर्षायाम सुरुआत भएपछि पानी पर्दा यहाँको बस्ती अझै जोखिममा पुग्ने स्थानीयवासीको गुनासो छ । बस्ती संरक्षणका लागि तटबन्ध निर्माण गरी केही मात्रामा जोखिम न्यूनीकरण गरिए पनि अझ बलियो र सुरक्षित बनाउन बजेट अभाव रहेको स्थानीयवासीको भनाइ छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१